नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

यस राजश्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय सम्बन्धि मुद्दा काठमाडौं जिल्ला अदालतमा मिति २०७९/०५/३० गते मुद्दा दायर गरिएको छ ।

**१. अभियुक्तको विवरण**

बहादुर बुढाको नाती जित बहादुर पुनको छोरा वर्ष ५० को राहादानी नं. EP032552 सम्पर्क नं. 0032486990681 इमेल ठेगाना Satman1971२icloud.com साविकको ठेगाना जिल्ला रुकुम तकसिरा १ हाल जिल्ला रुकुम पूर्व उत्तरगंगा १० भै बेल्जियमको नागरिक भैसके पछिको स्थायी ठेगना Desive Mellaert Straat- 27 kessello बेल्जियम भएका **सतमान पुन।**

**२. कसुरको संक्षिप्त विवरण**

सन् २०२२ जुलाई ८ गते अर्थात मिति २०७९/०३/२४ गते कतार एरवेजको उडान नं QR647 द्वारा काठमाडौंबाट दोहा हुदै बेल्जियम जान लागेका यात्रु नेपाली मुलका बेल्जियन नागरिक वर्ष ५० को राहदानी नं. EP032552 वाहक सतमान पुनलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल उडान तर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ "A" मा चेकजाँच गर्ने क्रममा जम्मा € ८२३०।- (यूरो आठ हजार दुइ सय तीस मात्र) अवैध रुपमा बाहिरी मुलुकतर्फ लैजान लागेको अवस्थामा फेला पारी आवश्यक अनुसन्धान तथा कारवाहिको लागि अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाडौको च.नं. ४१८७ मिति २०७९।०३।२७ को पत्रबाट मानिस सहित दशी समेत यस विभागमा पेश गरेको ।

**३. कायम रहेको विगो र सजायको मागदवी**

विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ को दफा ३,४,५ तथा मिति २०७५।१२।२६ को सूचनाको बुदा नं. ४ को कुनै विदेशि नागरिकले नेपाल आउँदा ल्याएको रकम भन्सार स्वघोषणा गरेकोमा बाहेक ५ ,००० U.S.$ वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी फिर्ता लैजान नपाउने गरि रोक लागएकोमा यी प्रतिवादी सतमान पुन ले ने.रु.४,३१,८९३।- बराबरको परिवर्त्य विदेशी विनिमय अवैध रुपमा ओसारपसार गरेको देखिएको समेतका प्रमाणहरुबाट ने.रु. ४,३१,८९३।- बराबरको विदेशी विनिमय अपचलन कारोबार गरेको देखिई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र सो दफाले दिएको अधिकार बमोजिम नेपाल राष्ट्र बैंकले मिति २०७५।१२।२६ मा जारी गरेको परिपत्र तथा सोही ऐनको दफा १७ को उपदफा (१) बर्खिलाप कसूर गरेको पुष्टि हुन आएकोले उक्त कसूरमा निज प्रतिवादीलाई विगो ने.रु. ४,३१,८९३।- (अक्षरुपी चार लाख एकतीस हजार आठ सय त्रियानब्बे मात्र) कायम गरी सोही ऐनको दफा १७ को उपदफा (१) बमोजिम उक्त विगो बराबर दशि रकम जफत गरी जरीवाना समेतको माग दावी लिई काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको छ ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**